कम्पनी द.नं. १२९६/०६७/०६८
इजाजतपत्र नं.: नें.रा.बैंक/इ.प्रा./"घ"/२२/०६८/०६९

# सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
# Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था)

केन्दीय कार्यालय: बनेपा-१४, काभ्रेपलाञ्चोक । कर्पोरेट कार्यालय: महालक्ष्मी- ४, ललितपुर,फोन न.०१ -५९१२७५२, ५९१२७५३
इमेल: info@swmfi.com.np वेबसाइट: www.swmfi.com.np

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा ३ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।

(क) **निकायको स्वरुप र प्रकृति:** सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त गरी संचालित "घ" वर्गको लघुवित्त वित्तीय संस्था हो ।

(ख) **निकायको काम, कर्तव्य र अधिकार:** यस वित्तीय संस्थाको काम, कर्तब्य र अधिका बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले तोके बमोजिमका रहेका छन ।

(ग) **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :** यस संस्थामा हाल कार्यरत कर्मचारी संख्या ६९६ जना रहेका छन् र निज कर्मचारीहरुको कार्य विवरण संस्थाले समय समयमा तोके बमोजिम हुनेछ ।

(घ) **निकायबाट प्रदान गरिने सेवा:** यस संस्थाले प्रदान गर्ने सेवाहरुमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम घ वर्गका लघुवित्त वित्तीय संस्थाहरुले प्रदान गर्न सक्ने सम्पूर्ण लघुवित्त वित्तीय सेवाहरु रहेका छन् ।

(ङ) **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :** यस संस्थाका शाखा कार्यालयहरु र सो शाखा कार्यालयका जिम्मेवार अधिकरीहरुको विवरण संस्थाको वेवसाईट : www.swmfi.com.np मा उपलब्ध छ ।

(च) **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि** :यस संस्थाले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस संस्थाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ र सोको जानकारी यस संस्थाको वेवसाईट:www.swmfi.com.np मा उपलब्ध छ ।

(छ) **निर्णय गर्ने प्रक्रिया र अधिकारी :** यस वित्तीय संस्थाबाट प्रदान गर्ने सेवा सम्बन्धमा विभिन्न तहका अघिकारीहरुले विभिन्न प्रकारका निर्णय गर्न सक्ने विकेन्द्रीकृत अख्तियारीको व्यवस्था मिलाइएको छ । दैनिक कार्य संचालनका लागि प्रमुख कार्यकारी अधिकृत तथा नीतिगत निर्णयहरुका लागि संस्थाको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन् ।

(ज) **निर्णय उपर उजुरी सुन्ने अधिकारी :** यस संस्थामा प्राप्त गुनासा, उजुरी तथा सुझावहरु उपर गम्भीरतापूर्वक मनन् गरी उक्त उजुरी तथा सुझावहरु सामाधान तथा कार्यान्वयन गर्ने गरिएको छ । केन्द्रीकृतरुपमा श्री रबिन्द्र तिमल्सेना, मुख्य प्रवन्धकलाई गुनासो सुन्ने अधिकारीको जिम्मेवारी प्रदान गरिएको छ ।

(झ) **सम्पादन गरेको कामको विवरण :** यस संस्थाले बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम घ वर्ग अन्तर्गतको वित्तीय संस्थाहरुले सम्पादन गर्न सक्ने र गरेको सम्पूर्ण लघुवित्त कार्यसंग सम्बन्धित विवरणहरु त्रैमासिक रुपमा रष्ट्रियस्तरको पत्रिकामा नियमितरुपमा प्रकाशित गर्ने गरिएको छ । साथै संस्थाको वेवसाईटमा पनि सूचनाहरु राखिएको छ ।

(ञ) **सूचना अधिकारी र प्रमुखको नाम र पद:**

सूचना अधिकारी : श्री प्रमेश आचार्य, नायब प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव,

कार्यालय प्रमुख : मोक्ष प्रसाद पंगेनी, प्रमुख कार्यकारी अधिकृत

(ट) **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :** नेपाल राष्ट्र बैंकले निर्दिष्ट गरेका विनियमहरु तयार गरी रखिएको छ ।

(ठ) **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :** यस संस्थाको आम्दानी, खर्च तथा अर्थिक कारोवार सम्बन्धि अद्यवधिक विवरणहरु राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित हुदै आएको र यस संस्थाको वेवसाईट www.swmfi.com.np मा समेत राखिएको छ ।

(ड) **तोकिए बमोजिमका अन्य विवरण :**

१. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :** वार्षिक साधारण सभा, कर्मचारीहरुको तालिम तथा गोष्ठि, ग्राहक सदस्यहरुको तालिम तथा गोष्ठी आदि ।

२. **सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण :** www.swmfi.com.np

३. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :** प्रत्येक ३ महिनामा प्रकाशितहुने त्रैमासिक वित्तीय विवरणहरु, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिमका विवरणहरु आदि ।